# बीमा समिति,

कुपण्डोल, ललितपुर ।

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना !**

(प्रथम पटक प्रकाशित मिति २०७६/०४/०१)

यस समितिलाई आ.ब. २०७६/०७७ को लागि आवश्यक पर्ने तपशील बमोजिमका सामानहरु आपूर्ति, मर्मत तथा सेवा प्रदान गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र कार्यालय समयमा (पन्ध्रौ दिन बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन) आफ्नो कारोवारको व्यहोरा (उद्देश्य खुलेको हुनु पर्ने) उल्लेख गरी फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को लागि फर्म नबीकरण प्रमाणपत्र, आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि प्रमाणित गराई निवेदन साथ संलग्न गरी हरेक शिर्षकका लागि अलग अलग निवेदन (रु.१०।- को टिकट सहित) यस समितिमा दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदकलाई मौजुदा सूचीमा दर्ता गर्ने वा नगर्ने सम्पूर्ण अधिकार समितिमा निहित रहनेछ । बिस्तृत जानकारीका लागि समितिको कार्यालयमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

<u>तपशील</u>

<u>सामान आपूर्ति तर्फ</u>

१. स्टेशनरी, मसलन्द तथा विविध सामग्रीहरु आपूर्ति सम्बन्धी कार्य,
२. काठ तथा स्टिल फर्निचर आपूर्ति सम्बन्धी कार्यहरु,
३. कम्प्यूटर, ल्यापटप, युपीएस, प्रिन्टर, डिजिटल क्यामरा, सि.सि.टिभी क्यामरा, फोटोकपी मेसिन, टोनर, एयरकन्डिस्नर लगायतका इलेक्ट्रोनिक्स सामानहरु र सोको लागि स्पेयर पाट्र्सहरु आपूर्ति सम्बन्धी कार्य,
४. विभिन्न इलेक्ट्रीकल सामानहरु (चिम, पंखा, हिटर, बिजुलीका सामान) तथा सोका पाटपूर्जाहरु आपूर्ति सम्बन्धी कार्य,
५. खानेपानी आपूर्ति सम्बन्धी कार्य,
६. बिभिन्न तालिम, बैठक, सेमिनारका लागि आवश्यक लन्च (खाजा) प्याकेट आपूर्ति सम्बन्धी कार्य,
७. पत्र-पत्रिका तथा पुस्तक,
८. सवारी साधनहरु, सवारी साधनको लागि आवश्यक पार्टस, टायर ट्युव तथा लुब्रिकेन्टसहरु आपूर्ति सम्बन्धी कार्य (चारपांग्रे र मोटरसाइकल समेत),
९. रंग रोगन तथा अन्य हार्डवेयर आपूर्ति सम्बन्धी सामानहरु,
१०. निर्माण सामग्री आपूर्ति सम्बन्धी कार्य,
११. सेनिटरी तथा हार्डवेयर आपूर्ति सम्बन्धी कार्य,
१२. पर्दा, सोफाका खोल आदि आपूर्ति सम्बन्धी कार्य,

<u>मर्मत तर्फ</u>

१. मोटर तथा मोटर साइकल,
२. विभिन्न स्टिल तथा काठका फर्निचरहरु,
३. कम्प्यूटर, ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टर, डिजिटल क्यामरा, सि.सि.टिभी क्यामरा, एयरकन्डिस्नर आदि इलेक्ट्रोनिक्स सामानहरु,
४. टेलिफोन फ्याक्स आदि,

५. एयरकन्डिसन, जेनेरेटर आदि,

६. विद्युतीकरण, विद्युतीय सामाग्री तथा उपकरण,

७. किचन सामग्रीहरु,

८. प्लम्बिङ सम्बन्धी,

९. भवन मर्मत सम्बन्धी,

१०. रंगरोगन सम्बन्धी,

सेवा तर्फ

१. बिज्ञापन प्रकाशन तथा प्रशारण सम्बन्धी कार्य,

२. चिठीपत्र पार्शल ढुवानी सम्बन्धी कुरियर सेवा,

३. ट्राभल एजेन्सीहरु (हवाईटिकटको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय समेत),

४. परामर्श सेवा,

५. सफ्टवेयर निर्माण,

६. लेखापरीक्षण सेवा

७. चार्टर्ड एकाउन्टेन्सी सेवा

८. बीमा सम्बन्धी,

९. सुरक्षा गार्ड सम्बन्धी सेवा,

१०. बगैचा हेरचार सम्बन्धी सेवा,

११. छपाई सम्बन्धी कार्य,

१२. कपडा धुलाई (लण्ड्री) सम्बन्धी कार्य

पालना गर्नुपर्ने शर्तहरु

१. रीत नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

२. एक भन्दा बढि शिर्षकमा सूची दर्ता गराउन चाहनेले प्रत्येक शिर्षकको लागि छुट्टा छुट्टै निवेदन साथ आवश्यक सबै कागजातहरु संलग्न गरी निवेदनमा शिर्षक खुलाएर दर्ता गराउनु पर्नेछ ।

३. व्यक्ति, फर्म, संस्था वा कम्पनी सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार समितिमा निहित रहने छ ।

बीमा समिति
कुपण्डोल, ललितपुर,
फोन नं.५५२१०७९, ५५३८७४३
टोल फ्रि नं.१६६००१५६७८९